गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
प्रदेश नं. २, नेपाल
☎ ०३३-५४००११
ईमेल :golbazarmun@gmail.com

## सिलबन्दी दरभाउपत्र आह्वान सूचना
## प्रथम पटक प्रकाशित मिति २०७६।०२।०३ गते

उपरोक्त सम्बन्धमा यस नगरपालिका अन्तर्गत निम्न बमोजिमका निर्माण कार्यहरु सिलबन्दी दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरु बाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र आव्हान गरिन्छ ।

१.दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा चालु आ.व. का लागि नविकरण भएको इजाजत पत्र, आ.व.०७४।०७५ को कर चुक्ता पत्र , मु.अ.कर दर्ता प्रमाण पत्र आदिको प्रमाणित प्रतिलिपी संलग्न राखि निबेदन दिई सूचनामा उल्लेख भएअनुसार दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी ) नगदै रसिद काटी बुझाई दरभाउपत्र खरिद गर्न सकिन्छ ।

२.खरिद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२ :०० बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण बोलपत्र दाताको नाम र ठेगाना स्पस्ट खुलाई फर्मको छाप सहित शिलबन्दी लाहा छाप गरेर पेश गर्न सकिनेछ । दर्ता भएका दरभाउपत्र यस कार्यालयमा सोहिदिन दिनको २ :०० बजे इच्छुक दरभाउपत्र दाताका प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्तिथि नभएको कारणले दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३.दरभाउपत्र साथ धरौटी वापत देहाईमा उल्लेख भए अनुसारको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सिरहा खाता नं. २१३०३०३०००३०२ मा नगद जम्मा गरेको सक्लै बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र खोलिएको मितिले ७५ दिन मान्य अवधिको दरभाउपत्र जमानत (Bid Guarantee) पेश गर्नु पर्नेछ ।

४.दरभाउपत्र समय भित्र प्राप्त नभएको, रित नपुगेको सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाहि हुने छैन ।

५.दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्रो संग दरभाउपत्र बुझि, हेरी साईड निरिक्षण गरि दरभाउपत्र भरेको मानिनेछ ।

६.एक व्यक्ति वा फर्मको नाममा खरिद भएका दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

७.दरभाउपत्र भर्दा दररेट स्पस्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्ने छ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८.दरभाउपत्र खरिद गर्ने / दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलि पल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोहि समय हुने छ ।

९. कुनै कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०.दरभाउपत्र प्रस्तावित बजेट अनुसार आव्हान गरेता पनि भुक्तानी दिदा आ.व. मा प्राप्त अख्तियारी भित्र रही भुक्तानी गरिने छ ।

११. दरभाउपत्र सम्बन्धि अन्य कुनै कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१२.यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुने छ ।

१३. यस सूचनामा कुनै संशोधन भएमा त्यसको जानकारी यस कार्यालयको सूचना पार्टीमा टाँस गरिनेछ । काम विवरण निम्न अनुसारको छ ।

| ठेक्का नं. | योजनाको विवरण | लागत अनुमान मु.अ.कर सहित | दरभाउपत्र जमानत रकम रु | दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| GLB-Mun-17-2075/076 | Construction of ijlash building | ९,९७,११४.१२।- | २५,०००।- | १,०००।- | दरभाउपत्र |

प्रमुख प्रशासकीय अधिकृत